हो.....चारै पाऊ सुनैले बँधाई,
(राम रस मुरली गोकूलमा कृष्णले बजाई)३

यस्तै मादलमा किसिम किसिमका धूनहरू सुनिन्छ । जस्तैः—खेली, समला, गर्रा अनि चुड़की । यस्तै प्रकारको मनोरञ्जनमा यो पर्वलाई विदा दिन्छन् ।।

मंगसीरको आगमनमा खेतमा लह लह धान पाकेर चारैतिरको खेतका दृश्य अति मनोहर देखिन्छ । मंगसीर महीनादेखि सबैले कचिया लिएर धान काट्न थाल्छन्-काटिसकेपछि बिटा ओसार्छन् खलामा अनि कुनिऊँ लाऊँछन् । प्रायः

पन्ध्र-बाईस दिन पछि खला लिपेर कुनिऊँ फोर्छन् । खलाको बीचमा एउटा प्वाल खनेर मेहे (एउटा सुद्धिलो-लामो बाँस) गाड़िइन्छ अनि त्यसैको वरिपरि पराल झाँदिछन् । मेहेमा चार-पाँच गोरुहरू बाँधेर वरिपरि पराल माथि घुमाउँछन् । यस्तो क्रियालाई 'दाई' गर्नु भन्छन् । गोरू हाँकनेले गाउँछ—दाइँ वरादो हो मेहेको टुप्पीमा कोयली बसि गो हो—हो

धान माड़िए पछि पराल खला देखि बाहिर फ्याँकिन्छ । खला खालि भए पछि बेलुका एका पट्टि पूरूषवर्गको हूल अर्को पट्टि स्त्रीहरूको हूल हाते माला गरेर नाच्छन् । यो नचाई 'धान नाच' भन्दछन् ।

पूरूष व०— मंगसीर महीनामा गरेको दाइँ ।
हाँस खेल गरूँ कहिले काई ॥
छुईयामा हा हा हा...छुईमा हा...

स्त्री व०— बाल्ले कम्मर भाँच्दैछौ ।
नाँचेका छौं र पो नाँच्दै छौं ॥
छुईमा हा हा हा.....छुईमा...हा..

पूरूष व०— तीन पाने रक्सी बदलमा ।
मरि गए पछि खाबलमा ।
छुईयामा हा हा हा...छुईमा हा...

यो नाँच गाउँमा अरू शुभकार्यको उत्सवमा पनि नाचिन्छ । यी बाहेक हाम्रो नेपालीहरूको डम्फू, रुयाम्ब्रुङ्, मादल, सनाई, ट्याम्को, बाजा, कर्नाल इत्यादि चाहिँदो समयमा उपयोग हुन्छ । यसरी हाम्रा अशिक्षित दाज्यू-भाइहरूले हाम्रो आफ्नोत्व सुरक्षित राखेका छन् भने हामीहरू शिक्षित भएर हामीले यसरी लत्ता छाड्न मुनासिब हो जस्तो लाग्दैन । आखिर हामीले त अशिक्षित दाज्यू-भाइ, दिदी-बहिनीलाई पनि शिक्षित तुल्याउनु पर्छ तब के तिनीहरूले पनि शिक्षित भएर मारूणी नाच, धान नाच नाच्न बिर्सेर 'टुइस्ट', 'रोक एण्ड रोल नगर्लान । अनि हाम्रो जातीय नाच, जातीयगान साथै हाम्रै अस्तित्वको के गति होला ? यो हाम्रो अस्तित्वको बचाऊको निति हामीले ध्यान नदिए कसले गरिदेला ?

यहि थियो मेरो अभिलाषा

शिव शङ्कर अग्रवाल, एघारौं श्रेणी, कला विभाग ।

व्योमको घनघोर कालो बादल
पन्साई नियाल्ने चमचम तारा,
जलधीको तम कराल वक्षस्थल
बाट निकाले मोती सारा ।
यहि थियो मेरो अभिलाषा ।

दुर्गम बनको, सरू-लतिका बिचको
सुन्दर पुष्प बटुल्ने आशा ।
स्वच्छ सरोवर विपुल मरूको
तिर्सना मेट्ने मेरो प्यासा ।
यहि थियो मेरो अभिलाषा ।

मानवको जीवन मधु समीर
राह अनन्त पथ निराशा ।
भाव सबैको जगमा कलमबीर
सकल बन्धु प्रति मेरो श्रेय पिपासा ।
यहि थियो मेरो अभिलाषा ।

अनिश्चित हार

——कालिचाङ्ग लेप्चा, एघारौं श्रेणी 'कला'

यो रमाइलो गाउँ-घर । अनि यो गाउँको रसिलो-हँसिलो युवा-युवतीहरू, मसिना केटा-केटीहरू—लाग्छ भोलि यही गाउँको, समाजको बन्नेछन्—कर्मठ सदस्यहरू ।

र त यिनीहरूलाई उचित बाटोमा लानु-सक्नुपर्छ । राम्रो शिक्षा र चरित्र विकाशको अनुशासनभित्र हुर्काउनुपर्छ ! यही गाउँ-शहरको पाठशालाहरूमा—यही गाउँ-शहरको दवाईखाना-हरूमा यिनीहरूलाई मोलिका दिनहरूमा काम गर्नु लाउनुसक्नुपर्छ । असल गुरु-गुरुमा, वकिल डाक्टर, नेता बनाउनु सक्नु पर्छ ।

यसोर केही परसम्म सोचिदिएका हाम्रा गाउँले बाबु-आमाहरूले आ २ आफ्नो छोरा-छोरीहरूलाई उचित शिक्षा दिनुमा सक्दो प्रयास गरिरहेकाछन् । मध्ये चन्द्रको आमा र बाबु एक हुन । एकमात्र छोरो चन्द्र-आमा बाबुदुवैको प्यारो । आमा घरमै बस्छे । बेलुकी थाकेर घरमा आउँछ-र छोरो चन्द्रलाई सुम्सुम्यार चुमिदिन्छ गालाभरिभरि! कहिले खल्लो ठूटे दाह्रीले छोराको गालालाई खोसिदिन्छ-भुतुक्क हुन्छ, सानो केटा र पुगिदन्छ आमाको काखमा—

* * *

"तारा ! यहाँ आइज त, छिट्टो खितिक्पाले अण्डा पार्नु-आँटेछ । हामी घर बनाइदिऊ न ल !!" उसकै उमेरको छिमेकीको छोरी तारा-लाई चन्द्रले बोलाउँछ ।

तारा छेवैमा आउँछे र प्रश्नमा सोधि-दिन्छे—'खोई ! ए ल ! बीचमा ढुंगाले बारी-दिऊ । हुन्छ हगि त्यति गर्दा प्रत्युत्तरमा तारा चन्द्रलाई भन्छे ।

"चन्द्र ! छिट्टो आऊ ल ! कति राम्रो पुतली ! ऊ त्यो गुलाबको फूलमाथि । समाती देऊ न.....समाती देऊ न ।" तारा यसै भनी दंग्याउँछे चन्द्रलाई । प्रयासमा चन्द्र दगुरि-दिन्छ तर पुतली उड्ेर परको जिनिया फूलमाथि चुम्नलागिसकेको हुन्छ । तारा चन्द्रको असफल प्रयासमा हाँसिदिन्छे—त्यो फूल गुलाब भैं । रातो गाला—त्यो जिनिया फूलको रंगजस्तै बनाएर चन्द्र अर्कोतिर लाग्छ ।

\+ \+ \+

'आमा ! अलिकति चिनी देऊ न !'

'के गर्नु, चिनी तँलाई !!'

'देउ न अलिकति ।' ढिपी गरेर चन्द्र आमालाई चिनी माँग्छ र दोबाटोमा गएर कमिलाहरूलाई बाँटिदिँदै बसिरहन्छ—ठूलो टाउको भएको कमिला आउँदा तीन-चारवटा चिनीका मसिना दानाहरू छरिदिन्छ र खुशी हुन्छ चन्द्र । घरिघरि दुइ विपरीत दिशातिरबाट आएने—जाने कमिलाहरूको मिलापमा चन्द्रले के के सोचिदिन्छ.....।

यस्तरी यो चन्द्र यस्तै कीरा-फटेंग्राहरूसंग खुबै खेल्न चाहन्छ । 'पानी छेपूवा ! पानी छेपूवा !' भन्दै कराउँदै पानी छेपूवालाई पक्रीदिनु उ तम्सिन्छ । कहिले घरपरतिरको सानो खहरेमा गएर गड्ेला, झिंगे माछा, गंगटाहरू पक्रेर ल्याउँछ—र खेलाइरहन्छ । यतिबेला उसलाई एउटा सानो 'बायोलोजिष्ट' भने सुहाउँछ ।

समय सुस्त चिल्लिँदै जान्छ । चन्द्र पनि अब एक युवा बन्यो । उसको सानैदेखि कीरा, फटेंग्रा मीत हुँदा र उसको झुकाउलाई नियाल्दा उसको आमा-बाबुले उसलाई 'विज्ञान' पढ़ाउने इच्छा गर्‍यो र पढ़ायो पनि। चन्द्र पनि खुशीले रमायो । साँच्चै उसको शुद्ध विवेक र बुद्धि देख्दा सबैले उसलाई तारीफ गर्दथ्यो । स्कूलका गुरुहरूले पनि...।

चन्द्रले नौ दश श्रेणी विज्ञानमानै पढ़ेर पास गर्‍यो अम्बल दर्जामा । उसको आमा

बाबुको नेपाली छाती फुलेको थियो—छोराको काममा । एघारौं श्रेणी पनि पढ्यो--परीक्षा आयो—फेरि पनि उ परीक्षामा प्रथम भयो—। बधाईको पत्रहरू पनि आयो....

तर सुनौलो विद्यार्थी जीवनको परिभाषा चाहे नपाई सकियो दुइ तीन महीनापछि मात्र उसले यो कुरा चाल पायो ।

अब कालेजको सपना देख्दै त्यो सपना कसरी विपनामा परिवर्त्तन हुन्छ भनी छट्पटिरह्यो । उसको कतिपय साथीहरू कोही कलकत्ता त कोही दार्जीलिङ हिंड़े । चन्द्र मात्र अझसम्म दोधारमा छ—'फरदर स्टडी' बारेमा । उसले चाहेको छ अझै पढ़िदिनु किनकि उसले सानैमा एउटा 'बायलोजिष्ट' बन्ने उद्देश्य जीवनमा लिइसकेको छ । नभए पनि एउटा डाक्टर । गाउँको निम्ति विशेषतः—

उद्देश्य महान थियो चन्द्रको तर क्षेत्र साँगुरियो, घरको गरीबीले । एउटा यस्तरी हाम्रो भावी 'बर्न बायोलोजिष्ट' बाध्य भयो—हाम्रै समाजमा एउटा साधारण भन्दा पनि साधारण किरानी बनेर जिन्दगी व्यतित गर्नुमा ।

"छिः हाम्रो भाग्य—!" एकपल्ट चन्द्रको शैशवकालको सखी तारालै चन्द्रलाई पत्र लेख्दा यो वाक्य पनि गाभेकी थिई । किनकि तारालै जानेकी थिई चन्द्रको उद्देश्य । डुबैको उद्देश्य एउटै थियो—तर उता तारापनि—

यस्तै यस्तै मुक्काहरूको सामना गर्न पुगी । फलाफलमा ऊ एउटी 'विज्ञान' मा त ग्रेजुएट बन्न पुगी—तर पनि त्यो 'बायोलोजिष्ट' बनिने उद्देश्यमा हार खानपुगी...!।

यसरी अनिश्चित हारमा चम्किनु चाहने चन्द्र तारा चम्किनु नपाई उनीहरूको आकाश जस्तो चौड़ा क्षेत्रमा सिर्फ कालो बादलको डल्लाहरू पोकोपरिदियो ॥

---

५ अक्टोबर

कर्ण बहादुर चामलिङ, दशौं श्रेणी 'ए'

आलो रहोस् हरदिलभित्र त्यो ५ अक्टोबर,
संझी आँसु झर्ने रातको तेस्रो प्रहर ।
मुल्दै थियौं सपनाबिच, अनभिज्ञ हामी मान्छेहरू ।
भुलेका थियौं पीरहरूलाई, सजाई स्वप्न-महलहरू ।
संझेनौं यस्तो, उल्कालाई, बुझेनौं दैव-लीलालाई ।
व्युझि हेर्दा पायौं विहान, डुबेको आँसुमा-आफैलाई ।
सुन्दर धरती पहरा बनेको, घरभित्रै चिहान सज्यो ।
वारीपारी रहेनकेही, चैन यहाँ लौ पैहोले गज्यो ।
कोहि भन्छन् घरमेरी छैन, भन्ये कति हराएँ सन्तान ।
गयो जीवन अकालमहा, भयो दैवलाई जीवन-दान ।
सुखी जीवनलाई, शोकित पाच्यो, जगत, जमीन,
जीवनै माच्यो ।
थाह थिएन मानवलाई यी सब, मौन धरतीलाई नरक-
बनायो ।
एक होइन हजार-आत्मा भीर, पहरा महा तड़पयो ।
मानवताको साँचो नाता, पैहोले यहाँ तोड़ी लग्यो ।
आलो रहोस् हरदिलभित्र त्यो ५ अक्टोबर ।
संझी संझी आँसु झर्ने, रातको तेस्रो प्रहर ।

"घटना"

शोभ बहादुर बस्नेत, एधारै श्रेणी (विज्ञान)

असारको दिन बेलुकी पाँच बजेको हुँदो हो, कुइरोले संसारलाई छोपेको जस्तो थियो । गोली खेलेर एक त थाकेको अर्को हारेकोले गर्दा मेरो निम्ति प्रकृति नै रोएको जस्तो थियो । म मेरो समान लिएर बासस्थान तर्फ एक घुनमा हिंड़े सायद कतिले मलाई के भने म जान्दिन, एक घुनमा हिंड़ेकोले एकै छिनमा म घर पुगेछु ।

हतार हतार भिजेको लुगा खोल्दै थिएँ, त्यतै नै बेला डोमाले "दाज्यू चिया" भन्दा म झसङ्ग भएँ । हतार हतार "राख डोमा" भनेर म मुसुक्क हाँसे । ठ्वास्स मोमोको गन्ध मेरो नाकमा आएर ठोकिन लाग्यो, बाफ आउँदै गरेको मोमोमा मेरा आँखा गाड़िए । पानीले भिजेकोले गर्दा टाउकोबाट पानी तप तप गर्दै झर्दै थियो र झाड़नले पुछन् मात्र लागेको थिए डोमाले मुस्कुराएर "दाज्यू गोली कसले जित्यो ?" प्रश्न गरिन् । भर्खरै डोमाको घरमा सरेको कारणले उ सित राम्रो बोल-चाल पनि नभए-कोले र नौलो भएको कारणले मैले हाँस्दै जवाब दिए "बहिनी एक गोलले हार्नु पऱ्यो तर हारेता पनि मानिसहरूले हाम्रो खेलको खुबै प्रशंसा गरे । डोमा चुप चाप एकहोरिएर मेरा कुरा सुनिरहेकी थिई । एकासी "अपुइ ! दाजू धुँड़ामा के भयो रगतपो आउँदै रहेछ" भन्दा र उसको माया म प्रति भासिएको झलकले मलाई एक प्रकारको बनायो । र मैले भनें "आज त बहिनी हुनसम्म भयो" विपक्षका एक खेलाड़ीले गोली सगै Net भित्र झण्डै हाल्यो र त्यस बखत लागेछ । भन्दा भन्दै डोमाले पर्ख है दाजू म दवाई ल्याउँछु भनेर गइन् र एकै छिनमा दवाई र बेण्डीस लिएर नधोइ कन बेण्डीसले मेरो घाउ बाँधिदिइन् म हेरेको हेरेकै भएँ । त्यतो गरी सकेर "दाज्यू चिया पिउनु होस्" भनेर गइन् । होकरायोले पाकेरा निले झैं मैले ६ वटा मोमो निली सकें र चिया स्वाट्ट पार्दा पार्दै घरको म लिक्को आवाजले मेरो मुटु काम्न लाग्यो, मैले सम्झे कि डोमाको र मेरो विषयमा... ... यति सोच्दै सोच्दै मालिकले मर कोठाको देखमा आएर भने । "भाइ म पिक्चर जाँदै छु डोमालाई अलिक काम अराएको छु सघाईदेउ है" भन्दा मेरो मन दुक्क भयो । यति भनी उनी बाटा लागे

एक छिन पछि डोमा आएर भन्न लागिन् "दाज्यू ! मलाई सहायता गर्नु पर्छ है ! नरिसाउनु होला" भनेर आलमारीबाट एउटा बोतल र एउटा डाढु आकारको जिनीस लिएर आइन् र मलाई दिँदै भनिन् "दाज्यू आपाले काम अराउनु भएको छ यो Tick Twenty सबै कोठामा लगाउनु भनेर" भन्दा मैले Tick Twenty को बोतल र Pump हातमा लिएँ । अनि दुवै जना आपा सुत्ने कोठामा पस्यौं । हुन पनि हो तो दुश्मन "उडुस" जापानका लड़ाकु सिपाही र चीनियाँका तेज फाइटर जस्ता लामखुट्टेलाई साँच्दा ता साँच्चै जाँगर आउने पनि । दुवै मिलेर चेप्टे माथि हम्ला गऱ्यौं र त्यहाँको जगहलाई आफ्नो कब्जा चीनिया मामाले टिबेटमा गरे त्यसरी हामीले पनि लियौं र अर्को कोठामा मिसिनगनले जसरी मामा चीनियाहरू-लाई हाम्रा वीर गोर्खाली दाज्यूहरूले १९६२ सालमा लद्दाखमा भुटे त्यस्तै मैले पनि चेप्टेहरूलाई Tick Twenty ले भुटें । मेरो रगत तातिदै आएको थियो मैले कुना काप्चा भुटेको देख्दा डोमाले मलाई साँच्चै कत्ति वीर भनिन् होली ।

दुवै जना मेरो कोठामा पस्यो मेरा कमराका लुगा र बाकस पन्साउन लाग्यौ । मैले मेरो खाट अलिक उचालेर अर्को पट्टि सारें । जब खाट पन्साएँ त्यस बखत डोमाका आँखा खाट मुनी भएका लुगाको टुक्रा र कागजमा परेछन् "पर्ख है दाजू ! भनेर उठाउन के लागेकी थिइन् एक्कासी कहालिएर "दाजू कत्रो साँप" भनेर मलाई अगालो मार्न लाग्दा मेरो रगत र सारा शरीर रापियो । उसको मुटुको धड़कन मैले राम्ररी विचार्न सके । अनि म अघि बड़े साच्चै साँप मेरो आङ जिरीङ्ग भयो । दाजू गुर्वे पो हो त भन्दा मेरो झन मुटुमा चिसो पऱ्यो, साच्चै गुर्वे । पर्ख है भनी म बाहिर गए एउटा गत्तिलो बाँसको भाटा लिएर आएँ अनि डराउँदै मैले मेरो घड़ी हातबाट निकालेर डोमालाई समात्न दिएँ । डोमा डरले काम्दै होसियार है दाजू टुक्क्ष नाइ !

मैले कमेजको बाउला माथि सारेर कि तँ मरिस कि मँ भनेर साँप तिर जाइलागें र जोड़ले मच्चाएर एकै पल्टमा मार्ने हिसाबले कसे । बाँसको भाटा दुइ टुक्रा भयो साँप चलेन । डोमा चकित् भएर एकै पल्टमा खुत्रुकै मऱ्यो कि क्या हो चलमालाउँदैन त दाजू "मैले भने यत्रो जोड़ले हिर्काए कि एकै पल्टमा मार्ने गरी" भनेर म काँप्दै छेउमा आँखा पुऱ्याएर हेरेको त साँप त कहाँ हो रहेछ र दाजूले मलाई दिनु भएको थोत्रे टाई पो रहेछ ॥

' रे नी '

र०—बलदेव सिंह,
एघारौं श्रेणी—कला ।

बोल्ने, नबोले,
फर्तीरे, कपटी,
यहाँ सबैको
'भाव छ' रे नी ?
होस् नहोस्
माँग्दा नदिए
जेहुकै होस्
'भैंसी लब्छ' रे नी ?
गोर्खाली हाइटमा
ल्यो मिनी स्कट
लेडिस, जेन्टसमा,
टाइटको फाइट,
यो चाहिं भएन रे नी ?
भनेको कुरा
न पत्याउदा खेरी
सबैको मुखमा
के हो नी यस्तो
'ए ! लु....रे नी ।
दाज्यु, भाइ,
आफ्नो, बिरानो,
जोसुकै होस्
सबैलाई हक्को रे नी ?
ठिटा-ठिटी माझ
कमीजको झगड़ा,
सोह इन्चलाई
तेहको हमला
'अल सेकेण्ड' भए रे नी ?
मैले के बिराएँ
भाइ भनी बोलाएँ
हेलेन बहिनीले
चश्माबाट आँखा तरी—
आइ एम सरी,
'अनु पनि भएन' रे नी ?

पैह्रो एक ग्रामिणको चित्कार ।

पुष्प कुमार राई, एघारौ श्रेणी

२ अक्टोबर प्रायः ६ बजे बेलुकीदेखि ५ अक्टोबर बिहान प्रायः ६ बजेसम्मको भिषण अविराम झरीले कालिम्पोंगको प्रायः प्रत्येक क्षेत्रमा आतङ्क फैलाएको छ ।

कृषकहरू उसको सर्वस्व, हरि खेतवारीमा कलकलाउँदा फसलहरू देखेर मुग्ध हुन्थे, चराऽ चर त्यहाँ नाच्थे; खेल्थे, गाउँथे तर.. आज यो सारा आशारूपी महलहरू भत्केर त्यहाँ श्मसान छाएको छ—डरलाग्दो श्मशान । पैह्रोले बगाएर ल्याएका महान चट्टानहरूले उसको घरलाई पूर्ण-रूपले आफ्नो वक्षस्थलमा लुकाएको छ । साधारणतः घरलाई देख्न पनि सकिदैन ।

अक्टोबर ४ ता: बेलुकी—घनघोर वर्षा अझ नथामिएको देख्दा उसलाई भयंकर डर प्रतीत हुन्छ—मुटु जोड़संग धड़कन्छ—अज्ञातै काम्न थाल्छ । उसको घर अरूको भन्दा केही राम्रो ठाउँमा हुनाले गाउँका धेरै परिवार पैह्रोको डरले प्राण बचाउन उसकोमा आएको छ । सब सुतेको छैन—भगवानको नाम सबै लिन्छ—मन-मनै ।

'यो पानीले कुनै ठूलो उल्का त गर्ने हो' कसैले निस्तब्धतालाई भंग गर्दै बोल्छ । सबैले त्यस व्यक्तिपट्टि नजर फिराउँछ फेरि—शान्त...। केवल बाहिरको घनघोर वर्षाको दर-र-र-र एकहोरो शब्द...। करीब रात्रीको एघार बजे—त्यही बिचमा पाल्रे कुकुर सिकुवामा "कुँ-ऊ-ऊ-ऊ" गरेर मनै अमीलो पारी रूंन्छ । तब झिलिक्....चुक घोप्टाएको, अन्धकारमय रात्रीलाई उज्यालो बनाउँदै बिजुली चम्कन्छ । फेरि घढ़म्म ड-र-र-र को गगनभेदी आवाजले झसङ्ग भएर सब बाहिर बरण्डामा निस्केर हेर्छ पारीपट्टि....।

बिजुलीको झिलिक्को छोटो प्रकाशमा सबैले देख्छ—माहिला मंगरको घर माथिको डाँड़ा झरेर घर, गाई-वस्तु सब मेलसित रेली खोला-तिर झर्दै गरेको । तिनीहरूको चित्कार वर्षाको ध्वनिभित्र विलिन हुन नसकेर पर्वत कन्दराहरू-तिर पनि ठोकिन्छ । त्यतिकै बिलाउँछ—अन्त-सम्मको लागि ।

गोला र बन्दूकको पर्राको पर्वाह नगरी दुर्गमाथि चढ़ी दुर्गै खसालेर असंख्य शत्रुहरूलाई यमपुरीको बाटो नाप्न लाउने हाम्रो बीर सन्तान-हरू यस्तो दृश्य हेर्न नसकी आँसु चुहाउँछन ।

फेरि एकैछिनमा घ-ट-ट-ट-ट-ट गरेर घरको पूर्वपट्टि दुइ सौ गज टाढ़ोबाट भयंकर बाड़ी जान्छ । सुन्तलाको बोटहरू सर-र-ऊ-र-ड गर्दै जान्छ ओह्रालै...। फेरि गड़-ड़-ड़-ड़ गर्छ—घर थ-र-र-र हल्छ—पैह्रोले हल्लाएर । आईमाई-हरू डरले आत्तिन्छ । "भूईचालो हो—केही पनि होइन" भनी घरको बाबुले भनिदिन्छ । पुरूषको अविचलित हृदयले असत्य सान्त्वना दिने कोशिष गर्छ ।

"दाज्यू, चिया कति ? एक गिलास ?" भन्ने चर्को स्वरले उ झसंग हुन्छ । उसले आफै-लाई चिया दोकानमा पाउँछ । सपना जस्तो लाग्छ । सपना हो कि विपना भनेर आफैलाई चिमोट्छ । 'हो दुख्यो' विपनैरहेछ । अहो! के साह्रो तिर्खा लागेको । दुइ दिनदेखि पानी पनि उसले पिएको छैन ।

"हन छिटो भन्नोसन्, कि नखाने ?" भन्दै गरेको मैलो झुत्रे केटामा उसको नजर अड़िन्छ ।

तब उ वास्तविकतामा उत्री, म त चिया खानु आएको पो भन्ने सम्झी "अँ एक गिलास" भनिदिन्छ । छेऊछाऊका मानिसहरू त्यस मानिसको भावभंगीलाई हेरेर मुसुमुसु हाँसिदिन्छ । ती मूर्खहरूलाई के थाह उसको दिलको आगोको विषय ।

उ सम्झन्छ—ए हो त आज म बजार आएको—रेलो खोला पार गरेर—जवर्जस्ती । अनायास उसको हात तलतिर झरेर खुट्टा सुम-सुम्याऊन पुग्छ । कुनै घावतिर ठक्कर खाँदा "आय्या !" भनी उ झसंग हुन्छ । सम्झन्छ, ए पैह्रोदेखि भाग्दा आएर लागेको ढुंगाको घाउ पो रहेछ ।

उ सम्झन्छ । त्यही शुक्रवार । रातको करीब एक-दुई बजे उसकी घरको माथिको भयंकर पहरा झरेर घर धूलो पारेको । उसको परिवार साथै उसको घरमा आउने सब गाउँले-हरूको आकस्मिक निधन । भागूँ भनेर संघारमा मात्र निस्केको हुन्छ, पैह्रोले छोपिहाल्छ । सानो दुधे बालक बोकेर उ अघिअघि र उसकी धर्मपत्नी पछिपछि थिईन् । यतिकैमा पैह्रो यम-राजको रूपलिएर प्रलय मचाउँदै आइपुग्छ । एउटा ढुंगाको आघातले उ लड्छ फिला छाम्दै । हातको नानी उछिटिन्छ—उ बेहोश हुन्छ ।

तीन चार घण्टाको मुर्छित अवस्थाबाट उ होशमा आउँछ । देख्छ—उसैको छेउमा उसको स्वास्नी 'पूर्णिमा' छोरीसित मरिरहेकी मृत पत्नीको टाउको उसकै खुट्टामाथिबाट परिरहेकोरहेछ । उसको सानो छोराको हात अझै उतिरै सहायताको निम्ति उठिरहेको रहेछ ।

× × ×

कुनै शब्दको कारणले उ झसंग हुन्छ । उसले देख्छ अघिकै केटा उसको अघि चिया दिएर उभिरहेकोरहेछ । त्यस केटाको प्रश्नसूचक दृष्टि उतिर थियो ।

"खाजा के खाने ?" भनेर केटोले प्रश्न दोहोऱ्याउँदा उसको मुखबाट अनायासै "कुन्नि ?" मात्र निस्कन्छ । त्यहाँका सब मानिसहरू गल–ल–ल हाँसिदिन्छ । चिया पिउन आएका, यौवना-वस्थामा उत्री, भर्खर फक्राएका एक हूल युवती-हरू पनि हाँसोमा हाँसो थपेर, खिसी गरेर झन मृतप्रायः तुल्याईदिन्छ । "हन तिमी आफैं खाजा खाने फेरि किन "कुन्नी ?" भनेको भन्दा पो उसको होस खुल्छ । उसले हेर्छ, सबैको नयनहरू उसैमा अड्डिएको । उ हाँसोको पात्र बन्न लागिसकेछ । तब उ होसमा आएर खाजा मागी खान्छ ।

त्यहाँका कति मानिसहरूले "के भयो दाज्यू?" सोध्ने दृष्टता देखाउँछ । उ "केही पनि भएको छैन" भनिदिन्छ । तर उसको वाक्यमा असत्यता लुकेको छ भनी उसको अवस्थालेनै स्पष्ट हुन्छ ।

हाम्रो नेपाली जातिको यो कस्तो गुण । उसको सर्वस्व नाश भएर पनि उ "केही पनि भएको छैन" भन्न हिचकिचाउँदैन । उ अलाप-विलाप गर्नुको सट्टामा, दुःखलाई मनैमा राखी हिंड्रिरहेको हुन्छ । उसलाई पूर्ण रूपले थाहा छ यो निष्ठुर समाजको सामु उसको दर्दभरी करूणाहरूको मूल्य सिर्फ हाँसो हुनेछ, उसको चित्कार र आर्तनादहरूको मूल्य शुन्यभित्रै सिमित रहनेछ । तब उ "केही पनि भएको छैन" भनिदिन्छ ।

उ सम्झन्छ, भर्खरै दुई तीन जना मान्छे र उ मिलेर उसको मृत जहानहरूलाई पुरपार पारेको । सरकारी आज्ञा नपाइन्जेल ती मृत शरीरलाई त्यतिकै राख्नु पर्दा स्यालहरूले उसको मायालुको कान र गालाहरू खाइदिएछ । छोराको नाक, मुखबाट निस्केको कालो भइसकेको रगत ! आ हा हा ! कस्तो दृश्य । घर श्मसानमा पूर्ण–

(शेषाँश १८ पृष्ठमा)

असफलता—एक आवेश

गोपाल भक्त क्षेत्री, आठौं श्रेणी

शुन्य कोठा खिड़कीहरू पनि खुल्ला । खिड़कीबाट हावा बहेर टेबलका खाता किताबहरू फर.....गरिरहेका । कोठामा निस्तब्धता छाएको छ मानौं औंसीको रात । जब बिमल साँझमा स्कूलदेखि थकित भएर आफ्नो कोठामा प्रवेश गऱ्यो उसलाई एकदमै डर लाग्यो । हतार२ उसले टुकी जलायो । खिड़की खुला बाहिरबाट चिसो हावा बहिरहेको त्यो हावाले बिमललाई नराम्रो [सन्देश सुनाइरहेको जस्तो । बिमलले हतार-हतार आफ्ना चीजहरूमा नजर लगायो तर चीजहरू आफ्ना आफ्ना ठाउँमा ठीक छन् बल उसले शान्तिको लामो श्वास फेऱ्यो । उसले आफ्नो वस्त्र फेरिवरि पलङमा सुतेर विचार गर्न लाग्यो । धेरै बेर उसलाई निद्रा लागेन कारण आज वार्षिक परीक्षाको नतिजा सुनाएको थियो । श्रेणी आठको वार्षिक परीक्षामा अवतिर्ण भएकोले उसले अभिलोपनको अनुभव गर्दैथ्यो । उसलाई के सूर चढ़्यो, राती नै उ त्यहाँबाट भाग्ने तत्पर भयो । बिमलका माता, पिता त्यो रात मामाका घरमा वर्त हुनाले त्यहाँ गएका थिए बिमललाई घरमा छाड़ेर । बिमल कहीं जानलाई कम्मर कस्यो, नकसोस पनि कसरी र । उसका पिता जङ्गबहादुर एकदमै झोंकी थिए बाँते पिच्छे झांपट लाउने स्वालका । बिमल एकदमै अफशोस छ, अब भयो असफलता पिताको समक्ष कसरी भन्ने । घरको आर्थिक अवस्था पनि राम्रो छैन फेरि भएन मेरो असफलता । पढ़ाईको निम्ति पिताले गरेको कठोर परिश्रम आना सुकी गरेर स्कूलको फिस तिरेका, भएन फाल्टू काम नलगाई एउटै छोरो मात्रै त हो, भनेर पाठ धोक्क लगाएको र पनि असफल ! उसलाई अनेक किसिमका कुराहरूले खिन्न बनायो किन म फेल भएको तर के गर्नु फेल त भैगएँ—अब अफशोस के गर्नु र ? हुगी सक्यो बाटो देख्यो मात्र हो । जे होस् म आजै घर छाड़ेर टाढ़ो जान्छु । घरमा बस्यो माता, पिता-लाई उदास बनायो मलाई फायदानै छैन । बिमलले आफ्नो लुगाहरू झोलामा हालेर बाहिर निस्क्यो । चारै तिर अन्धकारको साम्राज्य छ । बिमलले पछाड़ी फर्केर आफ्नो घरलाई एक नजर लगायो । नियास्रोपन अनुभव गर्दै बिमल उद्देश्यहीन भएर बाटैबाट हिँड़न थाल्यो । भोलिपल्ट बिमल आफ्नो साथी हेमन्तको घरमा पुग्यो जुन साथी उसको एकै कक्षाको थियो । बिमल हेमन्तको भेट भयो । हेमन्त छक्क पऱ्यो "साथी यति बेला कहाँबाट आएको कि साथी घरबाट असफलत नतिजाको कारणले घर छाड़ेर हिड़ेको" भन्दै हेमन्तले भन्यो नभनोस् पनि कसरी हिज वार्षिक परीक्षाको नतिजा सुनाएको थियो । बिमल असफल नभएको भए सधैं बिमल आउँदा केही चीज लिएर नआउने तर आज झोला औ उसले आएको लुगाबाट प्रष्ट गरायो कि बिमल चाँहि टाढ़ा बरालिन जाँदैछ भनेर ।

"हन बोल्नु हवस् न साथी कता जानु भएको ?" हेमन्तले भन्दा पो बिमल कल्पना-बाट सम्हालिन्दै—

"होइन साथी नसोध्नु हवस् म उद्देश्यहीन भएर हिड़दैछु मलाई थाहा छैन कता जाँदैछु, किन जाँदैछु" बिमल बोल्यो ।

"तेसो होइन साथी तपाईं परीक्षामा एक पटक अवतिर्ण हुँदा यस्तो प्रश्न उठेको कहाँ जानु पर्ने, किन जाँदैछु, उद्देश्यहीन यी कुरा-हरू तपाईंले सम्झनु ठूलो भूल छ । मानिसलाई

जस्मै अनुभव हुनु पर्छ, यदि तपाईंले चिनी मात्रै खानु भयो भने भन्नु हुदस् त तपाईंलाई नूनको स्वाद थाहा हुन्छ ? र हो यसैकारण मानिसले अनेक ठोकर खानु पर्छ कहिले सफल कहिले असफल, कहिले दुःख कहिले सुख कहिले भोक कहिले तिर्खा औ कहिले रुवाई र कहिले हँसाई । हो यिनै कुराहरूलाई सामना गर्नु नै जीवन व्यतीत गर्नु अनि जस्ले यी समस्याहरूको सामना गर्छ तेसैलाई मानिस भनिन्छ । जीवनमा खाली सुख भोग औ सफलता मात्रै भयो भने त्यसलाई जीवन भनिन्दैन यसकारण खास जीवन व्यतीत मानिसले गर्नु हो भने यी कुराहरूको अनुभव हुनु पर्छ । साथी म त भन्छु तपाईंले फेरि पढ़ाई विषयमा कम्मर कस" हेमन्तले एकै स्वासमा भनी सिध्यायो । साथीको शिक्षापूर्ण वचन सुनेर बिमल अवाक भयो । बिमलले सम्झ्यो साँच्चैनै हेमन्त साथीले भनेका कुराहरू सोह्रै आना ठीक छन् । फेरि भएन हेमन्त, बिमल भन्दा निकै अनुभवी छ सातौं श्रेणीमा दुइ पल्टसम्म बोझा थियो र पनि तेस्रो पल्ट सफलता प्राप्त गरेको थियो त्यै पनि प्रथम दर्जामा । झन आठमा त भन्नै नपर्ने प्रथम दर्जामानै पास गरेको थियो ।

हेमन्तले जति कुराहरू साथीको हैसियतमा बिमललाई भन्यो, सबै उसको चतमा पस्यो यहाँसम्म कि बिमल घर फर्कने विचार गर्‍यो ।

"साँच्चै नै साथी तपाईंले आज मलाई आँखा खुलाई दिनु भयो । जसरी मालीले पानीहालेर फूलहरूलाई नयाँ स्वास दिन्छ त्यसरी नै तपाईंले मलाई नयाँ जोश, आशा र उमङ्ग दिनु भयो । मलाई थाहा थिएन म त ठूलो भ्रममा परि सकेकोरहेछु, यदि साथी तपाईंले यी शिक्षा पूर्ण शब्दहरू नभनेको भए सायद मैले कस्तो दुःख, कष्ट र आपदमा पर्ने थिए होला । अब मेरा आँखा खुले । म माता, पिता समक्ष गई क्षमा माँग्ने छु र फेरि पढ़नमा ध्यान दिने छु" भनेर, बिमलले लामो श्वास फेर्‍यो

"यो संसारमा हामीहरूलाई जीउनुको लागि हामीहरूलाई शिक्षाको अभाव छ । यसकारण हामीहरूले विशेष शिक्षा सम्बन्धी विषयमा ध्यान दिनु पर्छ र हाम्रो संस्कृति जाति र देशको उत्तरोत्तर उन्नति हुने सम्भावना हुन्छ ।" भनी हेमन्तले भन्यो ।

हेमन्तले जति शब्द भन्यो त्यो बिमललाई आज अमृत सरी भयो । बिमलले मनमनै सम्झ्यो कि ज्ञानी साथी यस्तै साथीहरूको पक्ष लागे मेरो अवश्य भलाई हुनेछ ।

"अब साथी म घर फर्किनु पर्‍यो" बिमल बोल्यो साथीलाई आफ्ले भनेका शब्दहरूले प्रभाव पार्दा हेमन्त मनमनै रमायो ।

"हुन्छ साथी घरजानु होस् माता, पिता-देखि क्षमा मांगनु होस् । उनीहरूले तपाईंलाई यो सानो भूलको लागि क्षमा गर्नेछन्"—हेमन्तले भन्यो ।

"हुन्छ साथी म जान्छु" बिमल बोल्यो ।

"हवस् तर खानापीना खाईवरि जानु पर्छ हेमन्तले भन्यो । खानापीना खाईवरि बिमल बाटो लाग्यो । बाटामा के के सोच्दै बिमल हिंड़िरह्यो । उसका मनमा अनेक किसिमका प्रश्न उठे किन चाहि म घर छाड़ेर हिंड़ेको होला । आफैले आफैलाई धिकार्दै बिमल कदम बड़ाइ रहेको छ । म अनुतिर्ण भएँ त के भयो, अब म उतीर्ण हुने कोशिष गर्नेछु । असफल नभई सफलताको मूल्य नै नजानिने रहेछ । जे होस् मलाई घेर घोर अनुभव भयो । अब यसो म आफ्नो पढ़ाई विषयमा ध्यान दिनेछु । बिमल घरमा पुग्यो सरासर आफ्नो कोठामा गयो । माता, पिता मामाको घरदेखि अघिनै आएका रहेछन् । बिमल डरले आफ्नो कोठामा चुपचाप भएर बस्यो । बिमल आएको देखेर उसका पिता जङ्गबहादुर र माता पनि उसको कोठामा आए ।

तँ कहाँ गएको थिइस् घरमा बस्छहोला भनेर हामी उता गयौं बड़ा तँ चाँहि बरालिने कोठामा पस्ने साथ जङ्गबहादुरले भन्यो। बिमल एकदमै चुपचाप बस्यो।

"बिमल परीक्षामा तँ के भइस्" जङ्ग बहादुरले छोटो प्रश्न गरे।
"फेल भएँ" बिमलले डराउँदै जवाब दियो।

फेल भन्न साथ बुढ़ाको कनसिरी तातिएर आयो। तर के गर्नु फेल त भै गयो। जङ्गबहादुरले गाली गरे तर पिटेनन् कारण मनका भावनाको अवस्था राम्रो त्यस समयमा। गाली गरे पश्चात बूढ़ाले अर्ती दिन थाले, राम्रो पढ़नु, पढ़ाउँदा कस्तो दुःख भोगेको छु बूढ़ाले जम्मै भन्यो।

पिताले अर्ती दिएको बिमलले बुझ्यो र आफूले खास गर्नु पर्ने कर्तव्यमा कहीँल्यै पछि नहट्ने भयो। कर्तव्य जस्ले पूरा गर्छ त्यसले सफलता प्राप्त गर्न सक्छ। बिमलले पढ़ाईमा विशेष ध्यान दिएकोले सफलता प्राप्त गर्न सक्यो र उसका आङमा घाँम लाग्यो कहिल्यै नअस्ताउने गरी।

किन ?

र०—खड़ानन्द शेर्मा, एघारौं श्रेणी, 'कला'

१। दाज्यू भाइ दिदी बहिनो,
गर्नु पर्ने कर्तव्य सोच
देशको अवस्था जान्दा जान्दै—
यसतो बियांलो गर्छौं देख्ता किन ?

२। यही भूमिमा जन्म लिएर
पढ़ी गुणी विद्वान बन्यौं,
आफ्नी मातृ छंदा छंदै—
गुण-गान अर्काको गर्छौं किन ?

३। युवक युवती भाइ बन्धु हो,
आफ्नो पोशाक लाउन सिकौं,
गुन्यू, दौरा, सुरुवाल छाड़ी—
पराय पोशाक लउँछ्यौं किन ?

४। धनमा धन् छ जनमा जन् छ,
कम्ति छैनन् सैनिक पनि,
खेती गर्ने कृषक हुँदा हुँदै—
हाम्रो देश छ, पछि किन ?

५। बिमार भए यहाँ बैद्य छँदै छन्,
फस्ट एडमा भन एन० सी० सी० पनि,
डरै छैन अब कसैको, फेरि—
डराई कुनामा बस्छौं किन ?

६। रूपैया पैसा गर-गहना,
तँ, तँ र म, म, तेरो मेरो,
राम छाँया भने जानी जानी—
यसतो भ्रममा पर्छौं किन ?

७। हजार मर्दैछन् खान नपाई,
बस्छन् यहाँ कोई चाना खाई,
कसैलाई हातमा रोटी छैन—
खोज्छौं काँटा, चमच किन ?

८। चामल छैन बेलूको खान,
तरखर गर्छौं सिनेमा जान,
पेट आफ्नो खाली राखी—
यहाँ सदा देव्-दर्शन किन ?

काल्पनिक तर यथार्तवादी
मेरो जीवनको सपना जो हुन्छ नै

पूर्ण प्रसाद शमुएल, दशम् श्रेणी ।

पुरानो समयमा जब मानिसहरू अन्धविश्वासी थिए, तिनीहरू सपनालाई साँचो मान्थे । सपनामा केही रहस्य लुकेको हुन्छ यस्को केही अर्थ हुन्छ भन्ने तिनीहरु समझन्थे । सपनाको अर्थ खोली भविष्यमा राम्रो–नराम्रो के घटना घटने छ थाह लाउँथे । सपना भगवानको अलौकिक इशारा हो, जुन इशाराले भगवानले तिनीहरूप्रति भविष्यमा के हुनेछ, बताउनु हुन्छ भन्ने विश्वास तिनीहरूको थियो ।

आज वर्त्तमान युगका मानिसहरू सपना–लाई विश्वास गर्न छाड्रिसकेकाछन् । यिनीहरू-लाई सपना संग न त वास्ता छ न त यस्को अर्थ संग केही मतलब । सपना आज केवल हाँसोको पात्र मात्र भएको छ । जे भए पनि सपनाले प्रमाण गर्दछ कि हामी राती एक मुर्दा झैं सुत्यौं भने पनि हाम्रो गिदीले काम गरि-रहेकै हुन्छ ।

सपना अचम्भको तर मीठो हुन्छ, हाम्रो चित्त आकर्षित पार्ने हुन्छ । हामीले आफ्नो जीवनमा अनुभव नै नगरेको सुख पाउन सक्छौं । कहिले २ हामी दामी लुगाहरूले सुसज्जित टिलिक टल्किएको 'कारमा' 'लण्डन' 'पेरिस' घुमिरहेका पाउँछौं । कहिले हीरा-चाँदी जड्रित् घरमा, छुँदै मैला लाग्छ कि भन्ने टेबुलमा राखिएको सुनको थाली अनि प्यालामा कहिले नदेखेका फल-फूल, खाद्य-पदार्थ खाइरहेका हुन्छौं । कहिले कता हो कता माथि भीरबाट आफैलाई खसेका देख्छौं र कहालिएर झसङ्ग ब्यूझेर हेर्दा ओछ्यान मुनी भुइँमा आफैलाई पाउँछौं ।

मैले पनि यस्तै अचम्भ २ को सपना थुप्रै देखेको छु, कहिले आफ्नै स्कूलको प्रधान अध्यापक भई छात्रहरूले बदमाश गर्दा सजाईदिएको, स्कूल-बाट निकालिईदिएको यस्तै हाँसउठ्दो सपना देखेकोछु तर यी मध्ये मैले यस्तो सपना देखेको छु जस्ले मेरो हृदयमा पनि धक्का पुर्‍याएको छ मेरो जीवनमा भुलेर पनि बिर्सन सकेको छुइन यो सपनालाई ।

सपना यस्तो छ—बिहान हुन आँटेको हो कि भर्‌खर् घाम अस्ताउन लागेको हो कुन्नी त्यस्तो समयमा कता २ जानेको २ जस्तो तर एकलाश जग्गा र' छ अरे ! सायद त्यस सड़क मा एक-दुई पल्ट हिड़े हुँला जस्तो आफैलाई किन २ लागेर आयो । म हिंड़दै गएछु, आधा बिचमा पुगेछु, बाटो हराएछ । धेरै मानिसहरू थिए अरे तर शुनसान् । चिनेका मानिसहरू तर अपरिचित, मलाई नै गिद्धका आँखाले हेरिरहेका केवल झम्टन नसकेका । मलाई डर र आशंकाले घित्रो अठ्यायो । 'म मर्छु निश्चय मर्छु' यस्तै सम्झिरहेको बेला पछाड़िबाट कसैले कसिलो हातले मेरो आँखा छोप्यो । त्यो मानिस को हो मैले चिन्ने प्रयास गरें तर सुस्किन सकिन । मलाई अत्याउँदै त्यो हात कसिलो २ हुँदै गयो अनि एउटा चर्को स्वर सुने 'नमार तिनलाई नमार' । त्यो स्वर परिचित थियो जो पहाड़का चुचुराहरूमा ठोक्किएर प्रतिध्वनित भएर मेरो कानमा आईपुग्यो । तर अचम्भ त्यो प्रतिध्वनित भएको शब्दबाट 'न' हराएर केवल 'मार' भन्ने शब्द सुनिन्दो रहेछ । त्यो मानिसले मेरो टाउकोमा हिर्कायो—म भुइँमा लड़े । अनि सायद डुङ्गाहरू र ईँटाहरूका चोइटा वर्षाऋतुमा

वर्षेको झरीलाई जिताउँदै मेरो शरिरमा वर्षे । मेरो शरीर पुरिएछ, म भिजेछु निथुक्क रगतले ।

बिहानको मीठो घाम आंगमा लाग्दा म जिउँदै रहेछु भन्ने थाह पाएछु । मलाई अचम्भ लाग्यो, ती दुङ्गाहरू हराएछ, मलाई दामीलुगा-हरूले छोपेकोरहेछ । छेउमा एउटा 'फूल फुलेको' हो कि 'फुलेको फूल' हो थि (ई) (यो) । त्यो फूल हाँसेको (फक्रेका) थिएन केवल (कोपिला) मुस्कुराएको । मेरो जिउको दुखाईहरू मेटिएछ । फेरि हेर्दै त्यो फूल अलिक नुहेको जस्तो लाग्यो । सिधा बनाउने विचारले हातले उठाएर यसो सिधा गर्दै—ला ! टक्क डण्ठी भाँचिएर त्यो मेरो छेउमा झर्‍यो । मेरो शरीरमा त्यस्तो रगत र अधिका घाउहरू हराएछन् । अनि लामो सुस्केरा लिएर एक झपक निदाएर उठें । त्यो फूल खित्का छोड्देर हाँसिरहेको रहेछ । मैले रिसको आवेगमा भने,—'सायद मेरो स्थानमा ए फूल ! तिमी भएको भए विलिन भईसकेकी हुनेथियौ, घुजा २ भएर.....धन्य प्रभो ! म भई दिए कष्ट खप्ने तिमी होइनौ—किन हाँस्नु व्यर्थमा ? त्यो फूलको पत्रदलबाट शितका टल्कने दुई-चार-वटा थोपाहरू भुईंमा झरे । मैले भने, 'भूल भए माफ' । त्यसबेला एउटा परिचित जो गुञ्जे को थियो पहाड़मा मैले त्यहि अवाज 'सुनें । त्यो अवाज सुनिरहुँ जस्तो मीठो थियो मानो कतै संगीतकारको धून टाड़ाबाट सुनिइरहेको छ । 'मेरो कारणले तपाईंले कष्ट भोग्नुभयो, किनकि मानिसले मलाई बुझिदिएनन् मलाई मानवताको स्थान दिएनन् तर तपाईको शरीरले सहेको कष्ट मेरो हृदयमा पीर भएर बसेको थियो जो हजार सियोको चोटभन्दा असह्य थियो । धेरै सुशुश्रा गर्दै तपाईं कुशल हुनुभयो—बिदा' ।

त्यो फूल बिलिन भयो, किनभने सपनाबाट झसंग बिउझेछु । अब यो सपनाको पात्रमा मुख्य कसलाई ठान्ने ? मुख्य पात्र ? 'म' होइन फूल ? अहं ? त्यो झुण्ड, जो बुझ्दैनन् त्यो पो त ? त्यो फूल एउटा सत्य साथीको प्रतिक हो जो दुःखमा देखापर्छ ———बचाउन ।।

युग यस्तै छ

पदम कुमार प्रधान, एघारौं श्रेणी (विज्ञान)

बिसौं शताब्दीबाट विस्फोट भएको
यो—प्लासटिकको युगमा—
मानवता बोकेको छातीमा पनि
मानवले नै कुल्चिदिन्छ भने,
मानवीय जीवन जीउनेपनि,
अधिकारनै खोसिदिन्छ भने
आखिर—
कुल्चिएको मानवता,
खोसिएको अधिकार
लिएर बाँच्नु किन ?
यसैले न
यहाँ मैले—
मेरो जीवन-वाटिकामा फुलेका
थुप्रै थुप्रै मायालु फूलहरू
कुल्चिदिएको छु
निर्मोही बनेर—
निर्मम पैताला मनि
तर—
यो होइन है मेरो भूल
कारण—
प्लासटिकको युगको सिद्धान्त
मैलेपनि अपनाएको छु
यसर्थ—
बुझिदिएर मलाई भूल ।
फुलिदिनु,
मेरो उजाड़ जीवन-वाटिकामा
हो—फूल कै भूल ।

उदेकको भल-पैह्रो

टहल बहादुर छेत्री, नवौं श्रेणी 'कला'

अहा ! के अचम्म ! ९० सालको भूकम्प जस्तै संवत् २०२५ को भल पैह्रो । कस्तो पानी आयो ? बाप-रे ! कस्तो निष्ठुरता ···'गड़्याङ्ग गुड्गुं····मेघ गर्ज्यो,' 'चट्याङ्ग·····चट्याङ्ग··· बिजुली चम्क्यो लगातार' । समानरूपले पानी पैंसठ घण्टा जस्तो पऱ्यो । मानिसहरू र पशु-प्राणी सबै अन्योलमा परे । ईश्वरको लीला अर्कै भएर आयो । मानिसहरूको चिच्याहट र पशुहरूको कोलाहल बढ़्दै गयो । मेघले जोरसित दोबर प्रजण्ड रूप लीयो साथै बिजली र पानीले पनि आफ्नो२ स्वाभाविक शस्त्र प्रयोग गर्न लागे । पानी अत्यन्तै वेसी पनले पैह्रो जान लाग्यो । खोलानाला जोर सित कराएर आफ्नो निष्ठुर ध्वनी सुनाउन लागे । हजारौं मध्य महलहरू पैह्रोले निल्यो । 'क्यां·····क्यां·····र मरें...नो' भन्ने रोदन र मर्मभेदी आर्तनाद फैलिन थाल्यो । हजारौं नर-नारीहरूलाई शयनकक्षामा निन्द्राको गोद भित्रबाट पैह्रोले टपक टपक टिप्दै आफ्नो पेटमा घुसायो । धेरै मानिसहरूको अन्न-बाली सम्भाल्ने भएन, कतिको पेट सम्भाल्ने अन्न-बाली रहेन ।

कालिम्पोंगमा "सैंतीस ईन्च" भन्दा बढ़ी पानी पऱ्यो । जसको फलस्वरूप 'टिस्टापूल' 'चम्पापूल' र मल्लीपूल जस्ता धेरै पूलहरू नदीले आफ्नो पेटमा निल्यो । दार्जिलिंग जिल्लामा मात्र प्रायः डेढ़ हजार मानिसहरूले आफ्नो देह गुमाए अनि हजारौं मानिसहरू घरहीन भए । टिस्टा नदी अत्यन्तै बढ़ेको हुनाले जलपाईगुड़ीमा मानिस र अन्नबालीमा प्रचुर क्षति पुऱ्यायो । कालिम्पोंग महकुमा र अरू२ ठाउँका हवाई जहाजद्वारा खाद्य पदार्थ ल्याइने काम भयो ।

दशैंको याम रामले रावणलाई मारी विजयप्राप्त गरेको दिन, दशमीको शुभ मुहूर्तमा तिलक-पाती, ढोग-भेट र मलाकुसरी गर्न टाढ़ा २ बाटा आफन्तहरू आएका थिए तर विधाताले अकालै चुड़ेर आफ्नो गोदमा लुकायो ।

\+ + +

यसै वर्ष मिन्सिलामा हर्कमान बाजेले गर्नु आई लागेको पवलाई श्रद्धापूर्वक मनाउन चाहिने जे जति वस्तुहरूको जोगार गरे । बाजेले तिनका तीनभाइ छोराहरूलाई जुत्ता र नयाँ लुगा अनि छोरी मायालाई चोली, साड़ी र दुईवटा सुनका चुरा बनाई दिए । नयाँ वस्त्रहरू लाउने उत्सुकता साथै टीकाको आगमनको प्रतिक्षामा ती बालकहरू रहन लागे ।

परम्पराद्वेखि यत्नपूर्वक मानेर ल्याएको 'विजय दशमी टीका' साथै अमूल्य आशिष हर्कमानबाजेले नातीहरूलाई दिए । सबै बालकहरू नयाँ लुगा लाएर हृदयलाई प्रफुल्लित गराउँदै निर्विघ्नसाथ बालक्रीड़ा गर्न लागे । घर गाँव सबैमा एक तमासको आनन्द छ यो । माया पनि भएका सबै स्वर्णालंकारमा सजिईन ; फेरि बुबाले तिलक सित लगाई दिएको शिरको फूलले तिनलाई अझ दिइरहेछ मानो—'नारी देहका शोभा कै निम्ति पुष्पको सृष्टि भएथ्यो ।'

'संवत् २०२५ सालको दशमी टीका मंगलवार परेको थियो । शायद खरोबार परेर हो क्यार गगनमा मेघले भास्करलाई मोहनी लाउन थाल्यो । साँझ पऱ्यो 'कलपिनी र र लाटो कोस्याराहरू' मृदु गंभीर ध्वनि सुनाउन लागे । सुगन्ध र उज्ज्वल दीपका दीप्ति प्रकाश-

हरू घर-घरमा देखाेन लाग्यो । यसो गर्दै रात हारेर दिनको साम्राज्य फैलियो तर भास्करले पृथ्वीमा प्रकाश दिन अनर्थ ठान्यो किनकि चारैं तर्फ आकाशमा काली बादल मडारिन लाग्यो । "खराब दशालाई बोलाउनु पर्दैन आफै आउँछ" भने झैं समानरूपले पानी पर्न लाग्यो । रात गयो दिन आयो तर पनि पानीले विश्राम लिन अनर्थ नै ठान्यो । सबै मनिसहरू अन्योलमा पर्न लागे ।

'गड्याङ·····गुडुङ·····आकाश शब्द गर्न लाग्यो । जोर सित बिजुली चम्कन थाल्यो । आँखीभौं माथि २ तान्दै सबै गाँवलेहरू चिन्ताग्रस्त भए । गाई-वस्तुहरूले भरपेट घाँस पाएनन् । पानी पर्दो छ । अस्तबलमा बाँधिएको 'घोड़ा ही···ही···ही··· गर्दै तृणतृप्तिको अभिलाषी बनि-रहेछ । बेलुकीको खाना बेलैमा खुवाई सकेर प्रेमपूर्वक आलिङ्गन गरी सबै नानीहरूलाई सुताए । तर बाजेका मुहारमा एक तमासको दिक्कको रेखा घुम्न लाग्यो । तरै भएता पनि तकियाको अड़ेस लाएर आधा मात्र देहलाई विश्राम दिंदै स्वप्नमा डुबेका नानीहरूको मुहारमा आफ्नो दृष्टि फिराउँदै नराम्रो घटनाको लक्षण बिचार्न लागे । "दैव आज निष्ठुर भए झैं तिनलाई लाग्यो ।" पानीले आफ्नो स्वाभाविक शस्त्र प्रहार गर्न किञ्चित अन्याय ठानेन । झन कोलाहल बड़न थाल्यो ।

'ईश्वरको इच्छा कसले जाने ?' बाहिर अन्धकारले ढाकेको छ । बाल्यवस्थादेखि नै 'जनानाको जामा' लगाएकी माया झसङ्ग निन्द्रा-बाट तर्सेर ओर्ली । जनशून्य वातावरण छ, केवल पानी पर्दो छ । बुबाको मुहार मलीन र संकटकालिन अवस्था देख्दा मायाले तीव्र उद्विग्नता अनुभव गरिन् । फेरि जन्मदेखि नै अमीट माया र मोहको पोका बाँड़्दै आएका बाबाको यस्तो बिग्रेको मुहार देख्दा डुब्नलागेका तारा झैं मनमोहिनी भईरहेकी छन् । खोल्सा झन जोरसित आफ्नो निष्ठुर ध्वनी सुनाउन लाग्यो झन बाजेको 'दिलको तारमा पीरको झन्कार बज्न लाग्यो' । गाई र बाछा आफ्नो भाषामा ब्वाँ·····ब्वाँ·····गर्दै सहायता माँग्न लागे । घोड़ा पनि अस्तबलमा रिसाउन थाल्यो ही·····ही गर्दै बाहिर झन मुसलधारे पानी र बिजुली चम्कनलाग्यो जोर सित । बिधिको विधान कसै गरेर पनि टर्दैन भन्ने जानी२ कन पनि हर्कमान बाजे घुपौरोमा घुप पोल्न लागे ॐ·····गर्दै । तर के गर्ने रात निकै जान लाग्यो । बाजेका आखिभौं डरले चड़न लाग्यो । नानीहरू गाई-वस्तु र घोड़ा प्रतिको स्नेह समुन्द्रमुखी नदी समान तिन्का हृदयमा आउन लाग्यो ।

"गड्याङ···गुडुङ···झिलिक···झिलिक गर्दै एकै साथ मेघ र बिजुली कड़क्यो । पानी झन तेज भयो । माया रून लागी, बाजे आतिए । घरको माथिल्लो भित्तामा ठिस्को लड़ेर ठोकिन आई पुग्यो । घरको मुटु हल्न लाग्यो । बाबु छोरी बिचरा "व्याधाको बाण बिझेको बंदेल" जस्तै यता छटपटाउन लागे । माया ढोका धकेल्न थाली तर ढोका अगलाएको थियो । माया झनर रून लागी । मायाको रोदन शब्द र दुःखित आक्रन्दन सुन्दा हर्कमान पनि चिच्याउँदै निदाएका दुई छोराहरू दुई हातमा चेपी बाहिर निस्के निस्पट्ट अन्धकारमा छामछाम छुमछुम गर्न लागे । ती दुई "बालक-हरू भालाले घोचेको सूंगुर झैं चिच्याउन थाले" । माया आफ्नो लुगा र अलङ्कार राखेको सन्दूक र कन्तूरहरू रूँदै टिप्न लागी । बाजे केही परमात्र पुगेका थिए दुई खुट्टा पैह्रोमा भासिए तरै पनि जोर सित तान्दा निस्के तर ईश्वरको लीला अर्कै भयो ।

'पैह्रो आई रहेकै थियो एक्कासी तिनलाई पल्टायो । दुई बालकलाई जोरसित समात्ते अघि बड़े तर एउटा डुँगामा ती ठोकिए । बाजे

बेहोस भई नानीहरूलाई हातबाट उम्काए। पैह्रो बग्दै जाँदो छ द्रुतगतिमा। झट्टै तिनलाई होस आयो धेरै तल पुगेको। त्यहाँबाट निकै तल बा·····बा·····बचाऊ·····बा·····बा रोदन शब्द तिनका कानमा ठोकियो ती झन चिच्याउँदै बा·····बु·····मेरो·····जी···तू·····तँ···अब बाजेको आवाज थियो।

झट्ट बाजेलाई माया र काखको छोराको याद आयो। ती सकीनसकी घरतिर घस्न लागे। माया·····माया भन्दै चिच्याउँदै ती घरको नगीच पुगेर भग्न थाले·····माया आऊ बाबु गोठमा बसौं। माया भाइलाई तान्दै केही बाहिर निस्कंदै मात्र थिई घरको छानाबाट एउटा काठ आएर मायाको टाउकोमा लाग्यो; उ बेहोस् भई। "माया·····माया···के भयो·····माया" भन्दै बुढ़ा पितृ हृदय दर्शाउन लागे। घरले निकै ठाउँ छाड्यो। पानी र पैह्रो बग्नलाग्यो द्रुतगतिमा। गड्यांग·····गुडुंग·····मेघ गर्ज्यो; बिजुली चमक्यो। हि···हि···हिः गर्दै घोड़ा हिनहिनायो नानीलाई त्यहीं छाड़ेर बुढ़ा घोड़ा खुस्काउन घस्रे। बा···बा···उफ···मरें···नी—काखको बालकको करूण आवाज थियो। रामु···मेरो···बाबु तँ···बुढ़ाको रोदन शब्द आयो।

धेरै तलबाट आमा···बाबु···म पुरिएँ निकाल्दथौ न नी ···बुबा···बुबा···मेरो···कन्तुर अन्तिम ध्वनि मायाको थियो। हर्कमान बाजे पनि आधा पुरिए तरै पनि प्रकृतिसंग तिनी युद्ध गर्न लागे।

नानी·····नानी·····हुँ···हुँ ठुलो पत्थरले तिनको छातीमा लात माऱ्यो···मरें···म···राम ···उफ···बुढ़ाको अन्तिम ध्वनी।

गुडुम·····गुडुम·····पैह्रो जाँदै छ।

गड्यांग···गुडुङ्ग मेघ शब्द गरिरहेछ।

पानी आफ्नो अविरल गतिमा पर्दो छ दर·····द·· र·····र।

एक दिनको खराब दशा अर्को दिन रहदैन् भने झैं पानी कम भयो। गांवलेहरूले भोलिपल्ट लास खोजे केवल एउटा नानी र मायाको लास फेला पऱ्यो। मायाको त्यो खिल्दो सुकोमल शरीर चन्द्रमा जस्तो मुँहार, त्यो रत्न-खचित कन्तूर र सन्दूक थिएन्। केशराशी हिलोले पुरेको, अत्यन्तै सानो जीर्ण कपड़ा लपेटिएको, त्यो कुसुम सुकुमार पापिष्ट पैह्रोको हातमा पऱ्यो। वसुधाको छातीमा मायाको केवल लास मात्र पुरिएको थियो तर मायाको हृदय तिनक अमूल्य सन्दूक र कन्तूरका आभुषण पहिरेर वायुमा अनन्त रूपले पृथ्वी भ्रमण गर्दै थिई॥

(१० पृष्ठको शेषाँश)

रूपले परिवर्त्तन भएछ। हरियाली छाएको उसको धानबारीमा अहिले महान भीरको सृष्टि खोला पनि बग्दैछ।

उ जुरूक उठ्छ, बाहिर निस्कन्छ। सूर्य अस्ताचलमा पुगिसकेको भएता पनि निर्मल स्वच्छ आकाशको रूप निर्मलै छ, त्यहाँ दुःखको लेसमात्र पनि छैन। लक्ष्मीपूजाको सम्झना हुन्छ। त्यो लक्ष्यहीन व्यक्ति, रणक्षेत्रमा पराजित भएर फर्केको सेनापतिको अवस्था लिएर पर पर विलिन भइ-रहेछ...।

विश्व-शान्ति आवश्यकता

हर्कजंग नेपाल, एघारौं श्रेणी

आजको यो परमाणु बमको युगमा हाम्रो निम्ति विश्व शान्तिको नितान्त आवश्यकता छ । शान्ति मानव उन्नतिको जड़ हो । शान्ति विना हाम्रो उन्नति हुनु असम्भव छ । दुइ महा विश्व युद्धले मानिसलाई यो पाठ पढ़ाएको छ कि युद्धले समस्या हल गर्दैन तर अझ नयाँ जटिल समस्याहरू सृष्टि गर्दछ । । यी दुइ महायुद्धमा भएको लाखौं मानिसको अकाल मृत्यु र दुबो झैं मौलाइरहेको सभ्यताको छिन्न-भिन्नले विश्वमा ज्यादै गम्भीर स्थिति ल्याएको थियो । विश्वमा मानवले पाएको अधिकारको बलियो जञ्जीर तोड़ेको थियो । सृष्टिकर्त्ताको सुन्दर बागलाई शुष्क मरुभूमि झैं बनाएको थियो ।

हाम्रो यो विशाल विश्व दुइ गुटमा विभक्त भएको छ । साम्यवाद र पूँजीवाद । यी दुइको शक्ति बल्दो आगो झैं छ । साम्यवादको अगुवाइ शक्तिशाली राष्ट्र रूसले गर्दछ र पूँजीवाद को अमेरिकाले गर्दछ । यी दुइ राष्ट्र सर्वसम्पन्न छन् । जगमगाईरहेको विश्व बत्तीमा तेल थप्नु र नथप्नु यिनीहरूकै हातमा निर्भर छ । यी दुइ राष्ट्र उत्साह र उमंग लिएर मानव उन्नतिको निम्ति अघि बढ़िरहेछन् । यिनीहरूको शक्तिसित दाँज्ने अरू राष्ट्रहरूको आँट इत्तपत्त पुग्दैन । तसर्थ यी दुइ राष्ट्रको बीचमा ठूलो होड़ चलिरहेछ । भयंकर रूप धारण गरेर बसेका यी दुइ देशको शस्त्रको होड़ले गर्दा आज विश्वमा आतङ्क सृष्टि गरेको छ । यिनीहरूमा भएको उत्तरोत्तर उन्नतिले जसरी विश्व महललाई शृंगार गरेको छ त्यसरी नै अर्को पट्टि शृंगार माथि कालो घुम्टो पनि ओढ़ाइ राखेको छ । तसर्थ यहाँ न त सम्पूर्ण शान्तिमा बस्न सकिन्छ न त क्रान्ति कै ज्वालामा । यो विश्व भिरको चिण्डो जस्तै छ खालि उँधो-उँभो हुन मात्र बाँकि छ । यी दुइ देश बाहेक बढ़दै गरेका राष्ट्रहरू पनि छन्; जस्तै ब्रिटेन, फ्रान्स, र चीन । यिनीहरूले पनि मानव उन्नति उत्तरोत्तर बृद्धि गरिरहेछन् । यिनीहरूले पनि आधुनिक युगको विशाल हतियार परमाणु बमको कार्य शुरू गरेका छन् औ कतिले त बनाइ पनि सकेका छन् । यस्ता भयंकर-भयंकर आविष्कारले गर्दा हाम्रो मनमा त्रास पस्नु स्वाभाविक नै हो तरै भए पनि यी वस्तुहरूको नराम्रो प्रयोग भएको छैन । आजतक यी शक्तिशाली राष्ट्रहरू नसामा तातो रगत संचार गर्दै रामनाम पुकार्दै, रावणको झैं भीषण रूप लिएका छन् । फेरि भएन विश्वको कुना कुना युद्ध भइरहेछ । यसको अर्थ यो लाग्छ कि कुना कुनामा युद्ध हुनु नै विश्व युद्धको शुरूआत हुनु हो । किनभने कुनै विशाल वस्तुको शुरू सानै कुराबाट हुन्छ । यस मौकामा ती परमाणु बमको दुरूपयोग भए हामी मानवको गति कस्तो होला जापानको नागासाकी, हिरोशिमा खसाएको त्यो सानो बमको असर कहाँसम्म थियो भने आजको बम त त्यसको धेरै गुणा ठूलो छ र यसको असर कहाँसम्म पुग्ला बिचार गर्नु गाह्रो छ । रात र दिन एकै भइसकेको यो विश्वमा त्यसको कुप्रयोग भए हाम्रो विश्व महल चकनाचूर हुनेछ, चारैतिर भदौको आँसी जस्तो निःस्पष्ट कालो रातले ढाक्ने छ, गुञ्जित मधुर ध्वनिको सट्टा करूणामय चित्कार भरिने छ र यो पुष्प झैं फुलिरहेको विश्व बागलाई उजाड़ बनाउने छ । यसैले पनि विश्व शान्तिको आवश्यकता हाम्रो निम्ति प्रष्ट छ ।

आज यस्तो महत्वपूर्ण विषयको निम्ति चित्कार गर्नें एउटै देश हो हाम्रो भारत ! हाम्रो नारा यही छ—विश्वमा शान्ति हुनुपर्छ । यो अत्यन्त आवश्यक नभएर अनिवार्य पनि छ । मानव अधिकारको रक्षक शान्ति जस्तो असल नीति तोड्न खोज्ने चीन हो जसको एउटै नारा युद्ध छ । तिनीहरूको विश्वास यही छ कि जबसम्म विश्वमा युद्ध हुँदैन तबसम्म साम्यवाद फैलने छैन र यसैले चीन भन्छ युद्ध अनिवार्य छ । साम्यवादको फैलावटमा अघि बढ्को चीन को चालाले दुनियाँमा त्रास भरिदिएको छ । चीनको बढ्दो सामरिक शक्ति आज विश्वको निम्ति तगारो भएको छ यसले आज विश्वका सारा राष्ट्रलाई एउटा जटिल समस्या पैदा गराएको छ तर यस समस्यालाई विश्वका हरेक उत्तर-दायी राष्ट्रले महसुस गरेका छन् । यही नीतिमा चीन र रूसको भदभेद छ । यसैले गर्दा अर्को महायुद्ध हुनु नै मानव मात्रको दुर्भाग्य हो ।

विश्व शान्ति भंग हुन सक्ने एक दुइ अखड़ाहरू छन्—जस्तै भियतनाम । जहाँ अमेरिकी-भियतकोङ्गको विरुद्ध धेरै वर्ष अघिदेखि लड़िरहेछन् । यस युद्धमा अमेरिकीहरूको यो भनाइ छ कि—यो युद्ध स्वतन्त्रताको निम्ति हो । तर यसको भित्री रूप डरलाग्दो छ वास्तवमा यो युद्ध विश्व युद्धको कारण हुन सक्ने छ । वर्षाको बादलले पूरा पानी बोके झैं यी युद्धले पनि विश्व-युद्धको विस्फोट बोकेको छ । यसरी नै इजरायल र अरबको बीचमा पनि चलिरहेछ । हाम्रो देशमा पनि छिमेकीहरूको चाल डरलाग्दो छ । हाम्रो देश भारतको श्रीपेच काश्मीरमा पाकिस्तानीहरूको आँखा जलिरहेको छ । झूठो आरोप सामेल गरी-गरी आक्रमण गरि-रहेछन् । यसैगरी चीनियाँहरूले पनि बारंबार सीमाना उल्लङ्घन गरिरहेछन् औ दखल गर्ने कलूषित विचार लिएर सीमानामा बसेका छन् । जब यी देशहरूले आफ्नो क्षेत्र छाड़ी अर्काको क्षेत्रमा दखल गर्न चाहन्छ भने विश्व शान्ति कसरी कायम होला ? यी सब अखड़ाहरूले गर्दा आज विश्व शान्तिमा धक्का पुऱ्याउने सम्भावना छ ।

यद्यपि विश्व शान्तिको भविष्य धमिलो भएता पनि संयुक्त राष्ट्र संघ मानवको एक मात्र स्तम्भ भएको छ । पहिलो विश्व युद्ध पछि गठन भएको 'लीग अफ नेशन्स' ले दोस्रो विश्व महायुद्ध छेड़िएको थियो । यसैकारणले गर्दा यी संघलाई बलियो बनाउन प्रत्येक उत्तरदायी राष्ट्रको हात हुनुपर्छ ।

यो किटान गर्न सकिन्छ 'संयुक्त राष्ट्र' भत्किनु नै मानव मात्रको समाप्ति हो । यी सब चीजको ख्याल गरेर हामीले विश्व शान्तिको चित्कार गर्नैपर्छ ॥

संगीत

—नर बहादुर गजमेर, एघारौं श्रेणी 'क'

सावनको महीना आकाश स्वच्छ थियो, चारै दिशा चकमन्न, केवल शितल पवन सर र र... बहिरहेथ्यो । सूर्य्य भगवान पनि आफ्नो दिनभरको परिश्रमले पश्चिम दिशातिर ढल्किसकेका थिए । बिस्तारै संध्याको आगमन भइरहेको थियो । अकाशमा ताराहरू एक एक गर्दै उदाउन लागिरहेका थिए । सारा प्रकृतिनै सुन्दर देखिरहेथ्यो यही बेला पार्वती काखीमा गाग्री च्यापी धाराको माखिर रूखको फेदमा उभिरहेकी छे । उस्को हृदयमा केही भए झैं ।

\+ + +

माता पिता सानैमा स्वर्ग भएको भएता पनि पार्वती आफ्नो काका संग बजारदेखि केही टाढ़ो गाउँमा आएर बसेकी छे । काकाले पनि पार्वतीलाई आफ्नो छोरी पुष्पासंग कुनै कुरोमा छुट्याएको छैन । किरानी भएता पनि घरको जहान र पार्वती समेत चारजनालाई हात र मुख जोर्न र एकसरो लगाउनेसम्म प्रबन्ध मिलाउन सकेका थिए ।

यस्तै दुःख र सुखका कति दिवस र महीनाहरू काट्दै पार्वती सोलह बसन्तमा उक्लिसकेकी छे । प्राकृतिक र कृत्रिमताको संगम भएकी पार्वती साँचै सिपालु शिल्पकारले मेहनत गरेर बनाएको मूर्ति झैं ।

गाउँका युवतीहरूसित पार्वतीको राम्रै व्यवहार थियो । अरू मित्रहरू सरह फेशन र "बोई फ्रेण्ड" बनाउनमा न भएता पनि पार्वतीको संगीत प्रति सबैले उसलाई खातिर गर्थे । दुःखमा बड़ेकी पार्वतीको सहारा नै संगीत थियो । छेमाको ती कटुबचनहरू मेटाउन पार्वतीलाई समयमा यही संगीतहरूले साथ दिन्थे ।

साथीहरूको आग्रह साथै पार्वतीको मीठो स्वर भएकोले पार्वतीलाई साथीहरूले गाउँदेखि निकै टाढ़ो "क्लब" सम्म ल्याउने गरे । पार्वतीको मीठो स्वर भएकोले क्लबका सदस्यहरूले यसपालिको संगीत प्रतियोगितामा पार्वतीलाई पनि अग्रसर हुने मौका दिए । पार्वतीले पनि केही नाई-नास्ती गरिन । प्रतियोगिताको लागि एक हप्ता अघि-देखिनै "रिहर्शल" हुन थाल्यो । पार्वती पनि केटुकै पिछे गायिकाको रूपमा घाउन थाली । पार्वती र रमेश भएर प्रतियोगितामा एउटा युगल गीत प्रस्तुत गर्ने भए ।

रमेश तीन बना दाजु-भाइ मध्येमा कान्छो विस वर्षको नव युवक, आठौं श्रेणीसम्म पढ़ेको, संगतले गर्दा अझ पनि बेकारी समस्या हल गर्ने चेष्टा गरिरहेको । पूजा र विवाह मनेपछि कालिम्पोंगको चारै दिशा मिलाउने । अलि २ गाउन जानेकोले चारै पट्टि पुग्ने । हुन यस-पालिको संगीत प्रतियोगितामा पार्वतीसंग गाउन पाउँदा त उस्को झिगा छिर्ने नाम पनि भनेंगा छिर्ला जस्तो देखिन्छ ।

रमेश र पार्वतीको एक हप्ताको रिहर्शलले राम्रै परिचय भईसकेको छ । दिनहरूको दिन प्रतिदिनको मिलन प्रेममा परिणत भयो ।

प्रतियोगिताको दिन घेरै संगीतकारहरूले आफ्नो २ कला देखाएर, श्रोताहरूलाई खुशी बनाए । पार्वती र रमेशको गीतले अझ सुनमा सुगन्ध थपिए झैं भयो । सबैको थप्पड़ी, सुसेली र करतलध्वनिले हलनै गुञ्जायमान भयो । पार्वती र रमेशले प्रथम पुरस्कार प्राप्त गरेर, क्लब साथै उनीहरूको पनि नाउँ राखे ।

रमेश र पार्वतीको बिचमा घनिष्ट सम्बन्ध भईसकेको थियो । पार्वती जस्ता सरल हृदय भएकी नारी, रमेश जस्तो हातमा परेता पनि पार्वतीले ठूलै घरानाको औ राम्रै व्यक्ति संझि आफुलाई उही माथि समर्पण गरिसकेकी छे ।

फकाई फुस्लाई गरेर रमेशले पार्वतीलाई भगायो । पतिको घरमा गएर यतिका दिनको

(शेषांश २२ पृष्ठमा)

अधुरो इच्छा

शशि भुषण राई, छैटौं श्रेणी 'ए'

भदौरे झरी—बिहानै पानी पर्दैथ्यो । पानी परेकोले होला आज चराहरूको कोलाहल उति साह्रो थिएन ।

किशोर आज बिहान सवेरै-सवेरै नै उठ्यो । मुख धुइकन कोठामा आएको मात्र थियो—टेलिफोनको घण्टी बज्यो—क्रिङ्ग-क्रिङ्ग-क्रिङ्ग-क्रिङ्ग

किशोरले टेलिफोन उठायो—"हलो! हलो!!" 'को बोल्नुभएको'?

मँ कचहरीबाट बोलिरहेछु—तपाईं झट्ट आउनुहोस्—आज एउटाको मुद्दा केलाउनु छ ।"

\+ + +

किशोर थियो एउटा वकील—। उ कचहरी जाने तर्खर गर्न लाग्यो । उसकी बहिनी प्रमिलाले चिया ल्याउँदै भन्छे—"चिया खानोस्—आज के हतार नी ?"

'म त जरूरी काम छनी त"

● ● ●

बेलुकी किशोरले भाइ टीकामा केही उपहार ल्याउने इच्छा प्रकट गर्दै भन्यो—"बहिनी म तिमीलाई एकजोड़ि सुनको चुरा ल्याइदिन्छु ल ।"

"थ्याङ्स्"

मुद्दा सकियो किशोरले धन पायो ।

तर.....किशोरको भाग्य.....?

आज एक्कासि किशोरलाई रोगले आक्रमण गऱ्यो आज बिहानदेखि किशोर औंछ्यानदेखि उठ्न सकेन ।

प्रमिलाको भाग्य भनौं या त किशोरको भाग्य । किशोरको दीप तेल सकिएझैं-ढलपल-गरिरहेथ्यो । किशोर ओछ्यान मै गढ़दै गई रह्यो अन्तमा ढलपल दीप हावाको एक झोंकाले झ्याप्प निभ्यो ।

प्रमिला किशोरको छातीमा घोप्टी बालख झैं रून लागी ।

\+ + +

सर्व शेष । किशोरको कार्यक्रम.....। किशोरको एकमात्र इच्छा तकदीर पूर्ण हुनपाएन अधुरो इच्छा.....।

(२१ पृष्ठको शेषाँश)

सपनालाई विपना तुल्याउने उसको अकांक्षा थियो तर.....सपनानै रह्यो । रमेशको दिनभर घरमा बास छैन; राती १२-१ बजे मात्र मातेर आउँछ । बजारको सस्तो डड्वा र रक्सी पिएको ताक्त रमेशले संधै पार्वती संग दजाउँछ । तै भएता पनि बिचरी पार्वती शहनशील भएर बसिरहेकी छे ।

एक दिन बेलुकी पानी भर्न गाग्री लिएर पंधेरा जाँदै थिई, धाराको केही माथि पुग्दै उसले अनायास—फेरि यस सालको संगीत प्रतियोगिताको बारेमा—धारामा आउने युवती-हरूले बातमाँदै गरेको सुनिन्, उ अघि बढ़्न सकिन । उसको आँखाको अघि एकर गर्दै पोहोरको संगीत प्रतियोगिताको दृश्यहरू आउन थाल्यो । त्यहीं लाटिएर काखीमा गाग्री च्यापी पारि डाँढ़ामा डुब्न लागेको सूर्य्यतिर हेरिरहेकी थिई ॥

बलिदान

भानुकुमार, एघारौं श्रेणी (विज्ञान)

चम्क्यो दिन परदिन चम्क्यो—
बीरहरूका निस्पृह-बलिदान ।
नशामा विजुली दौड्यो—
सुनेर यिनीहरूका गौरव गान ॥१॥

अँ किन गर्न सक्दैनौं—
उद्योग जब थाल्दछौं ।
जुन देशमा रहेका छौं—
त्यसैको निंति मर्दछौं ॥२॥

लिएर खुकुरी दृढ़ क्षमाको—
असि सत्यको खरमा
रिपुवर्ग सँग लड्छौं—
अविराम शम-समरमा ॥३॥

न नुहाउँछौ माथ—
न गौरवलाई नै गुमाउँछौं ।
न कहलाउँछौं नाथ—
न त दासनै कहलाउँछौं ॥४॥

उज्ज्वल भविष्य आशा-प्रसूति—
बहुमूल्य जगत जीवन-विभूति ।
दुनियाँको देखियो रिति स्थिति—
हुन्छ परिवर्तित नयति नीति ॥५॥

जीवनको उद्देश्य यही हो—
